# गन्यापधुरा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ८) संख्याः१ जेठ ०३ गते बिहिबार, २०८१**

## भाग-२

## एम्बुलेन्स सेवा सञ्चालन  कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०१/१८

**प्रस्तावनाः** गन्यापधुरा गाउँपालिका बासीहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका साथै एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवा गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन,  २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गन्यापधुरा गाउँपालिकाले एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ रहने छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन र एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले गन्यापधुरा गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने समितिले तोकेको शुल्क सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यस्थापन तथा अनुगमन समिति सम्झनुपर्छ ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्छ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति:**

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न को लागि तपशिलमा उल्लेखित देहायको पदाधिकारीहरु रहेको एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समिति रहनेछ।

गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिको संरक्षकलाई यसको संरक्षकको रुपमा रहनेछ।

| | |
|---|---|
| (क) स्वा.व्य.स. अध्यक्ष वा निजले तोकेको व्य.स.सदस्य | -संयोजक |
| (ख) स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (ग) स्थानीय समाजसेवी मध्येबाट १ जना संरक्षकले तोकेको | -सदस्य |
| (घ) सम्बन्धित अस्पताल हेर्ने कर्मचारी रपालिका | -सदस्य |
| (ङ) सम्बन्धित स्वास्थ्य संस्था/अस्पताल प्रमुख | -सदस्य-सचिव |

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधी समितिले निर्धारण गरे बमोजिम हनेछ।

**४. समितिको काम कर्तव्य र अधिकार:-**

(१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्सको भाडादर निर्धारण गर्ने र आवश्यकता अनुसार एम्बुलेन्स समितिले भाडादरमा पुनरावलोकन गर्न सक्नेछ।

(ख) सरोकारवाला तथा अन्य संघसंस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने।

(ग) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(घ) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयम निरीक्षण गर्ने।

(ङ) मासिक रुपमा एम्बुलेन्सबाट एम्बुलेन्स व्यवस्थापन समितिले खुद बचत गरेको रकमको केही प्रतिशत प्रोत्साहनको रुपमा एम्बुलेन्स चालकलाई केहि प्रतिशत उपलब्ध गराउने।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा स्वास्थ्य संस्था/अस्पताल व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ।

(३) समितिले सेवा लिने गाउँवासीहरुको आर्थिक अवस्था, घटनाको गाम्भीरता, कोषमा रहेको रकम समेतको आधारमा निर्णय गरी पूर्ण वा आंशिक छुट दिन सक्नेछ।

**(५) सेवा शुल्क सम्बन्धी व्यवस्थाः**

(१) एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बन्धित सेवाग्राहीले अनुसुची-१ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउर्नेछ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम स्वास्थ्य संस्था अस्पतालको एक अलग कोष खडा गरी स्वास्थ्य संस्था / अस्पतालको आन्तरिक आय खातामा जम्मा गर्नेछ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि स्वास्थ्य संस्था अस्पतालको नगदी रसिद छपाई उपलब्ध गराउनेछ / स्वास्थ्य संस्था /अस्पतालमा राखिनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता स्वास्थ्य संस्था संस्था प्रमुखको हुनेछ।

(४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद तोकिएको बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

(५) कोषको रकम संचालन समितिले स्वीकृत गरेको बार्षिक कार्य योजना तथा अनुसार मात्र खर्च गर्न पाइने छ।

(६) कोषको रकम सामान्यतया इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ। चालकको तलव भत्ता गाउँपालिकाले बेहोर्नेछ।

**(६) चालकको नियुक्ती र सेवा सुविधाः**

(१) एम्बुलेन्स सेवा संचालनका लागि गन्यापधुरा गाउँपालिकाले एक जना योग्यता पुगेको चालक, सेवा करारमा नियुक्ति गर्नेछ।

(२) चालकको सेवा सुविधा दफा गाउँपालिकाले निर्धारण गरे बमोजिमको हुनेछ।

(३) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भारः

(क) एम्बुलेन्स गन्यापधुरा गाउँपालिकामा रहेको गणेशपुर स्वास्थ्य चौकी / अस्पतालको हातामा रहनेछ।

(ख) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ।

**७. कोषको सञ्चालन र व्यवस्थापनः**

१) यस अस्पतालमा विभिन्न श्रोतबाट प्राप्त बजेटबाट एउटा निश्चित कोषको सृजना गरि उक्त कोषबाट नै नियमित मर्मत सम्भार र भैपरि आउने खर्चको व्यवस्थापन गरिनेछ। यस सवारी साधनको आम्दानीबाट खर्च व्यवस्थापन हुन नसकेमा गन्यापधुरा गाउँपालिकासंग बजेट माग गरि कोषमा जम्मा गरि संचालन गरिने छ। संचालन समितिको खाता संचालन एम्बुलेन्स संचालन समिति अध्यक्ष र सदस्य सचिबको संयुक्त दस्तखतबाट सचालन गरिनेछ बमोजिमको रकम जम्मा हुनेछ। उक्त खातामा देहायको रकम रहने छ।

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

ख) गाउँपालिकाबाट प्राप्त रकम,

ग) दैनिक आम्दानिबाट प्राप्त रकम,

घ) विभिन्न संघ संस्थाहरु/ व्यक्ति तथा चन्दादाताहरुबाट प्राप्त रकम,

**(८) एम्बुलेन्स चालकको काम, कर्तव्य र अधिकारः**

(१) एम्बुलेन्स चालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कुनै सेवाग्राहीलाई एम्बुलेन्स सेवा उपलब्ध गराउनु पूर्व आफू जान लाग्ने समय स्थान, र सेवाग्राहीको विवरण स्वास्थ्य संस्था /अस्पतालको प्रशासनमा जानकारी गराई पूर्व स्वीकृति लिनुपर्नेछ।

(ख) चालकले सम्बन्धित स्वास्थ्य संस्था /अस्पतालबाट पूर्व अनुमति लिई एम्बुलेन्सको नियमित मर्मत संभार र रेखदेख गर्नुपर्नेछ।

(ग) चालकले लगबुक र सेवाग्राहीको विवरण अद्यावधिक राख्नुपर्नेछ।

(घ) गाउँपालिका/ स्वास्थ्य संस्था / अस्पतालसँगको सम्बन्धित करारनामामा उल्लेख गरिएका शर्तहरुको पालना गर्नुपर्नेछ।

(ङ) सवारी चालकले अनुसूची-२ बमोजिमका आचार संहिताहरु पालना गर्नुपर्नेछ।

(च) चालकले नियमित रुपमा तोकिएको राजस्व खातामा एम्बुलेन्स रसिद बापत उठेको रकम दाखिला गर्नुपर्नेछ।

**(९) विविधः**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची-३ बमोजिम हुनेछ।

(२) एम्बुलेन्समा सवार बिरामी, आफन्त तथा स्वास्थ्यकर्मीसंग समन्वय गर्ने दायित्व सेवाग्राही स्वयंको हुनेछ।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि गर्भवति तथा सुत्केरी महिलाहरुको लागि बिशेष सहुलियतको व्यवस्था गरिनेछ, जसमध्ये गर्भवती महिलाहरुको लागि दिईएको ANC Card को आधारमा गर्भवती भएको ३८ हप्ता पुगेको महिलाहरुको लागि गन्यापधुरा गाउँपालिका भित्रका विभिन्न स्थानहरुबाट यस गन्यापधुरा अस्पतालसम्म ल्याउनको लागि र सुत्केरी पश्चात निजहरुको घरमा पुर्याउनको लागि यस गाउँपालिका अन्तर्गतको सरकारी स्वास्थ्य संस्थाको एम्बुलेन्स उपलब्ध भएको अवस्थामा शुल्क व्यवस्था गरिनेछ भने निजी एमबुलेन्सबाट ल्याएको प्रमाण सम्बन्धित स्वास्थ्य संस्था अस्पतालबाट प्राप्त भएमा र सम्बन्धित बिरामी गर्भवतीबाट सो एम्बुलेन्सले कुनै पनि रकम नलिएको निश्चित भएमा गाउँपालिकाबाट सोधभर्ना उपलब्ध गराउने। साथै यस स्वास्थ्य संस्था / अस्पतालबाट आमा वा बच्चाको सुरक्षाको लागि डाक्टर वा नर्सको सल्लाह अनुसार अन्य ठाउँमा रेफर गर्नु पर्ने भएमा एम्बुलेन्स समितिले निर्धारण गरेको मुल्यको ४० प्रतिशतसम्म छुट गरिने छ र अन्य गर्भवति तथा सुत्केरी बाहेकका बिरामिहरुको हकमा एम्बुलेन्स संचालन समितिले तोकेको पुरा शुल्क लाग्नेछ साथै विपन्न तथा आर्थिक अवस्था कमजोर भएका बिरामीहरु, महिला स्वास्थ्य स्वयम सेबिकाकोहकमा एम्बुलेन्स संचालन समितिले निर्धारण गरे बमोजिम रहनेछ।

४. कुनै कारणवश भाडादर संशोधन र हेरफेर गर्नु परेमा समितिको सिफारिसमा थपघट गर्न सकिनेछ।

## अनुसूची-१

### गन्यापधुरा गाउँपालिकाको एम्वुलेन्स भाडा दर :

| सि.न. | देखी | सम्म | भाडा दर |
|---|---|---|---|
| १ | गणेशपुर | डडेल्धुरा | ३१२०। |
| २ | कैलपालमाण्डौ | डडेल्धुरा | ४५००। |
| ३ | रेल | डडेल्धुरा | ५०००। |
| ४ | असिग्राम | डडेल्धुरा | ४०००। |
| ५ | कच्ची सडक प्रति कि.मी. | | २००। |
| ६ | गौलीगाउँ | डडेल्धुरा | ४०००। |
| ७ | डिल | डडेल्धुरा | ३५००। |

शुल्क तथा दस्तुर सम्बन्धी थप व्यवस्थाः

• दुरीको हकमा एम्बुलेन्स सेवा लिएको स्थानदेखि अन्तिम गन्तव्य स्थानसम्मको दुरी कायम गरिनेछ।

• बाटोमा लाग्ने करहरु सेवा लिने व्यक्तिले नै बेर्होनु पर्नेछ।

• एम्बुलेन्स सेवा लिनु पर्दा माग फाराम भरी तोकिएको शुल्क तिरेर बिरामी लैजानु अगाबै वुझाउनु पर्नेछ।

## अनुसूची २

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

• एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८१ लाई पूर्णतः पालना गर्नुपर्ने,

• आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

• मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

• विरामीको ओसारपसार तथा उपचार गर्नेक्रममा विरामी तथा बिरामीको परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नु पर्ने।

• कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

• विरामीलाई बीच बाटोमा छाड्न नहुने,

• आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेव आवश्यक परेमा त्यस्तो सूचना वारेमा जानकारी दिन सक्ने,

• स्वास्थ्य संस्था / अस्पतालका पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पने

• आफुले उचित देखेको विरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

• नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसार पसार नगर्ने। प्रचलित कानूनको पालना गर्नुपर्ने छ।

**प्रतिबद्धता पत्र**

म

(नाम) ठेगाना

ना.प्र.प.न. जिल्ला,

ड्राईभिलाईसेन्स नं.

............................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु। डडेल्धुरा जिल्ला स्वास्थ्य संस्था अस्पतालको एम्बुलेन्स चलाउदा मैले यो आचार संहितारुपमा पूर्णपालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| | |
|---|---|
| चालकको : | रोहबरमा प्रमाणित गर्ने व्यक्तिको |
| नाम/पद : | नाम/पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

## अनुसूची-३

**"ग" वर्गका (**Common Life Support (CLS)) **एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण**

१. First Aid का सामानहरु,
२. Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने साधन,
३. IV Injection दिन सक्ने व्यवस्था,
४. Stretcher Cum Board,
५. Stethoscope, B.P. Apparatus, Torchlight,
६. Driver With basic training in first aid and emergent medicine.

**प्रमाणीकरण मिति २०८१/०१/१८**

**आज्ञाले**

**दिलिप कुमार तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**